स्थानीय राजपत्र

कञ्चनरुप नगरपालिका, सप्तरी द्वारा प्रकाशित

वर्ष: ८ संख्या: १ प्रकाशित मिति : २०८३।०३।२०

कञ्चनरुप नगरपालिकाको महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

नगरकार्यपालिकावाट पारित भएको मितिः२०८३/०३/२०

प्रस्तावनाः

नेपालको संविधानमा स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य निति,२०७६ को बुँदा नं.६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका परिचालन तथा व्यवस्थापन स्थानीय तहवाट गर्न निर्देशन गरेको छ । नगरपालिका क्षेत्रका आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्रवर्धनात्मक सेवा पुर्याउने,स्वास्थ्य संस्था र समुदायको बीचमा वसेर काम गर्ने,समुदायमा स्वास्थ्य सम्वन्धि जनचेतना जगाउनमा तथा नगरपालिका क्षेत्रमा मातृ मृत्यदर,शिशु मृत्यदर,वाल मृत्युदरमा कमी ल्याउनमा महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरुको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवाको प्रवाहको लागी महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उत्प्रेरित गर्नका लागी थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कञ्चनरुप नगरपालिका नगरकार्यपालिकाको कार्यालयवाट स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१)कञ्चनरुप नगरपालिकाको महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३ रहनेछ ।

(२) प्रारम्भ मितिः नगर कार्यपालिकावाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट यो कार्यविधि लागु हुनेछ।

२.परिभाषाः

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले कञ्चनरुप नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले कञ्चनरुप नगरपालिकाको महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३ सम्झनु पर्छ ।

(ग) "कार्यापलिका" भन्नाले कञ्चनरुप नगरकार्यापालिका सम्झनु पर्छ ।

(घ) "महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका" भन्नाले कञ्चनरुप नगरपालिका अन्तर्गत रहेका र छनौट भएका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तर्गतका नगर अस्पताल,स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य केन्द्र,शहरी स्वास्थ्य केन्द्र तथा ईकाईहरु सम्झनु पर्छ ।

(च) "स्वास्थ्य शाखा" भन्नाले कञ्चनरुप नगरपालिकामा रहेको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

(छ) "स्वयं सेविका छनौट समिति" भन्नाले नियमानुसार गठन भएको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट समिति वा आमा समुहलाई सम्झनु पर्छ ।

(ज) "नगर प्रमुख" भन्नाले नगरपालिका नगरकार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "सेवा सुविधा" भन्नाले संघ,प्रदेश र कञ्चनरुप नगरपालिकावाट स्वीकृत भई महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्छ ।

३.उदेश्यः

(क) गाँउ/टोल,समुदायमा स्वस्थ्य आमा समुहको माध्यमवाट घरघरमा स्वास्थ्य सुचनाहरुको जानकारी दिई स्वास्थ्य सेवाको उपभोगमा अभिवृद्धी गर्न ।

(ख) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई सेवामा उत्प्रेरणा जगाउन ।

(ग) नगरपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका हरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हासिल गर्न ।

(घ) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु छनौट गर्नमा सहजिकरण गर्न ।

(ङ) स्वास्थ्यको क्षेत्रमा समुदाय स्तरको उन्नति गरी नियमित स्वास्थ्यको प्रगति प्राप्त गर्न ।

(च) संघीय,प्रादेशिक तथा नगरपलिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्द्धन सम्बन्धी लक्ष्य तथा उदेश्य हासिल गर्न ।

परिच्छेद-२

स्वास्थ्य आमा समुह गठन,महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट,कार्य विवरण,कार्य अवधि र पद रिक्त हुने अवस्था सम्बन्धी व्यवस्थाः

४. स्वास्थ्य आमा समुह गठन तथा कार्य विवरण १.गठनः

(क) स्वास्थ्य आमा समुह गठनका लागि एउटै टोलका कम्तिमा २५ जना (विवाहित महिला (उमेर २०-४५ वर्ष),गर्भवती तथा २ वर्षमूनिका वच्चाका आमाहरु सुनौला हजार दिनका आमाहरु) सहभागि भएको समुह हुनु पर्नेछ ।

(ख) दलित,आदिवासी,मुस्लिम तथा विपन्न महिलालाई अनिवार्य रुपमा सहभागी गराउनु पर्दछ ।

(ग) पहिले देखिनै गठन भई संचालनमा रहेका आमा समुहहरुलाई दफा ४ (क) अनुरुप हुने गरी पुर्नगठन गर्नु पर्नेछ ।

(घ) सहभागिहरु मध्येवाट सर्व सम्मत रुपमा छनौट १ जना अध्यक्ष,अन्य सहभागि सदस्य रहनेछन् । आमा समुहको सदस्य सचिवको काम महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले गर्नेछन् ।

२.स्वास्थ्य आमा समुहको कार्य विवरणः

(क) कार्यविधिमा उल्लेख भएबमोजिम आवश्यक छनौट प्रकृया अपनाई महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट गर्नेछ ।

(ख) कम्तिमा महिनामा एक पटक/आवश्यक्ता अनुसार स्वास्थ्य आमा समुहको बैठक बसाउनु पर्छ ।

(ग) स्वास्थ्य आमा समुहको बैठकमा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्ने र छलफलमा सहभागि गराउनु पर्नेछ ।

(घ) स्वास्थ्य आमा समुहको अन्य भुमिका तथा कार्यविवरण "राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनिति,२०७६ (पहिलो संसोधन,२०७६)" अनुसार हुनेछ ।

५.महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको छनौट प्रकृयाः

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०७६(पहिलो संसोधन २०७६)" र नगरपालिकाको देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

(क)सामुदायिक महिला स्वास्थ्य स्यं सेविकाको रुपमा कार्य गर्ने महिला सम्बन्धित वडा र टोलको स्थायी वासिन्दा र आमा समुहको सदस्य वा आमा हुनु पर्नेछ

(ख) कम्तिमा ५ वर्ष स्वयंसेवक भई सेवा गर्न ईच्छुक रहेको प्रतिवद्वता गरेको हुनु पर्ने ।

(ग) उमेर २५ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको विवाहित महिला हुनु पर्ने ।

(घ) कम्तिमा SLC वा SEE वा १० कक्षा उतिर्ण गरेको हुनु पर्ने ।

(ङ) राजनितिमा नलागेको र कुनै पनि राजनितिक पदमा वहाल वा लाभको पदमा बहाल नरहेको हुनु पर्नेछ ।

(च) सरकारी तथा गैरसरकारी संस्थाको कर्मचारी नभएको हुनु पर्नेछ ।

(छ) फौजदारी अभियोगमा कसुरदार नभएको हुनुपर्नेछ ।

(ज) मानसिक सन्तुलन ठिक भएको हुनु पर्नेछ ।

(झ) सिमान्तकृत,लोपोन्मुख वर्ग तथा सेवाको पहुँचवाट टाढा रहेका महिलालाई प्रथमिकता दिईनेछ ।

(ञ) स्वास्थ्य आमा समुहका सदस्य वा आमाहरु मध्ये दुई वा दुई भन्दा बढी जनाले महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका बन्न ईच्छुक भएमा वा स्वास्थ्य आमा समुहका सदस्यहरुले आपसमा सरसल्लाह गरी महिला समुदायिक स्वास्थ्य स्वयं सेविका छनौट गर्न नसकेमा सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख र वडा जनप्रतिनिधिहरुको रोहबरमा स्वास्थ्य आमा समुहका सदस्यहरु मध्येका अधिकतम सदस्यहरुले अनुसूची ३ बमोजिमको समर्थन पत्रमा लिखित रुपमा हस्ताक्षर वा दाँया हातको बुढि औंलाको छाप लगाई समर्थन गरेको सदस्यलाई महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका चयन गर्न सकिनेछ ।

(ट) दफा (ञ) बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका चयन गर्दा ईच्छुक सदस्यहरु बाहेक स्वास्थ्य आमा समुहका सदस्यहरुले मात्र लिखित रुपमा समर्थन गरिनु पर्दछ ।

(ठ) माथी जुनसुकै कुरा लेखिएको भए तापनि कञ्चनरुप नगरपालिका नगर स्तरीय स्वास्थ्य तथा सरसफाई समितिको निर्णय अनुसार स्थानीय आवश्यक्ता,जनसंख्या भौगोलिक बिकटता, समाजसेवी, अनुभवी, कार्य अनुभव र कार्यगर्न ईच्छुकलाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कामकाजमा खटाउन सकिने छ ।

(ड) यस कार्यविधि प्रारम्भ हुँदाको बखत यस कार्यविधिको को दफा ५ को उपदफा (ङ),(च) बमोजिम भएको पाईएमा यसै कार्यविधि बमोजिम स्वेच्छिक अवकाशमा जानु पर्नेछ ।

६. छनौट गरिनुपर्ने संख्या

नेपाल सरकारवाट यस नगरपालिकाको लागि स्वीकृत संख्या बाहेक नगरपालिका अन्तर्गत रहेका वडाको टोल संख्या, जनसंख्या घनत्व, भौगोलिक पहुँच, बिपन्न वस्ति,मातृ तथा बाल मृत्यु दर लगायतका सूचकका आधारमा कम्तिमा ५०० (पाँच सय) जनसंख्यामा न्यूनतम १ जना महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका कायम गरिनेछ ।आवश्यकता अनुसार प्रतिवर्ष पुनरावलोकन गरिनेछ।

७. तालिम

(क) प्रारम्भिक तालिमः ३० घण्टे राष्ट्रिय पाठ्यक्रम अनुसारको आधारभूत तालिम ।

(ख) समावेशः मातृ-शिशु स्वास्थ्य, पोषण, खोप, सरुवा रोग, परिवार नियोजन, आपतकालीन सेवा आदि

(ग) पुनर्ताजगी (Refresher) तालिमः प्रत्येक वर्ष कम्तीमा १ पटक ।

(घ) समावेशः अपडेटेड गाइडलाइन, डिजिटल रिपोर्टिङ, सामाजिक व्यवहार परिवर्तन संचार, जोखिम संप्रेषण आदि ।

प्रमाणिकरणः तालिम सफलता प्राप्त गरेपछि प्रमाणपत्र प्रदान गरिनेछ ।

८.कार्य दायित्वहरू

नेपाल सरकारले तोकेको वाहेक हप्तामा कम्तिमा १ दिन देहाय अनुसार थप कार्य गर्नु पर्नेछ ।

(क) गर्भवती, सुत्केरीको अवस्था पहिचान र ट्र्याकिङ गरी हेलो सिस्टर रजिष्टरमा अधावधिक गरी स्वास्थ्य संस्थामा जाँचको लैजानु पर्छ ।

(ख) वालवालिकाको लागि खोप र पोषण कार्यक्रममा सहभागिता र समुदायलाई जानकारी गराई प्रत्येक महिना बच्चाको पाँखुरा जाँच गरी तौल लिनु पर्छ र त्यस्को रेकर्ड गरी मासिक प्रतिवेदन संस्थामा पुर्याउनु पर्छ ।

(ग) नसर्ने रोग जसतैः मुटु रोग,मधुमेह रोग,उच्च रक्तचाप,क्यान्सर,मृगौला आदी रोगहरुको बारेमा स्वास्थ्य शिक्षा प्रदान गर्नु (स्वच्छता, मानसिक स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम आदि)

(घ) गाँउघर क्लिनिकमा सहयोग तथा परिवार नियोजनका साधनहरू प्रचार–प्रसार तथा दम्पतिहरुलाई जनचेतना ।

(ङ) बिरामि तथा खतरामा रहेका व्यक्तिहरूलाई स्वास्थ्य संस्थामा लैजान सहयोग ।

(च) मासिक गतिविधिहरुको प्रतिवेदन तयार पारी अनिवार्य मासिक समिक्षा बैठकमा सहभागी हुनु पर्नेछ ।

(छ) नगरस्तरीय स्वास्थ्य कार्यक्रमहरूमा सकृय सहभागिता जनाउनु पर्नेछ ।

(ज) हेलो सिष्टर कार्यक्रम अन्तर्गतको सम्पूर्ण कार्यमा सहयोग गर्नु पर्नेछ ।

९.कार्य अवधि

(क) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको कार्य अवधि उमेर हद ६० वर्षको हुनेछ ।

(ख) यदी कसैले ६० वर्षको उमेर पछि पनि स्वयंसेवा गर्न चाहेमा केन्द्र,प्रदेश र स्थानीय सरकारवाट प्राप्त हुने सेवा सुविधाहरु प्रदान गरिने छैन ।

१०.पद रिक्त हुने अवस्था

(१) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सेवा देहायको आधारमा पद रिक्त भएको मानिनेछ ।

(क) मृत्यु भएमा,

(ख) स्वयंसेवाको भावना तथा आचरण बमोजिम कार्य नगरको पाईएमा ।

(ग) आमा समुहमा राजिनामा दिई उक्त समुहवाट राजिनामा स्वीकृत भएमा ।

(घ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा ।

(ङ) तोकिएको भौगोलिक क्षेत्रमा ९० प्रतिशत भन्दा कम अवधि वसोवास गरेको अवस्था रहेमा।

(च) फौजदारी अभियोग,भ्रष्टाचार,अनुशासनको पलना नगरमा वा नैतिक पतन देखिने कार्य गरेमा।

(छ) मानसिक सन्तुलन गुमाएमा वा शारिरिक अशक्तताको कारण असमर्थ भएमा ।

(ज) बसाई सराई गरी अर्को स्थानमा गएमा ।

(झ) कामकाज सेवा संतोष जनक नभएको ठहरी आमा समुहको निर्णय र सिफारिस भई आएमा।

(ञ) विना सुचना लागातार ३ पटक सम्म स्वास्थ्य आमा समुहको बैठक नराखेमा वा संस्था प्रमुखलाई सुचना नदिई लगातार ३ महिनाको मासिक बैठकमा अनुपस्थिति भएमा स्वतःसेवा रद्ध हुनेछ ।

परिच्छेद-३

सेवा सुविधा सम्बन्धी व्यवस्था

१०. यातायात तथा प्रोत्साहन

१. मासिक सम्मान सुविधाः

नेपाल सरकारवाट प्रदान गरिने यातायात खर्च रकम रु.१८०००/- र पोषाक खर्च रकम रु.१००००/-लाई निरन्तरता दिईनेछ साथै कञ्चनरुप नगरपालिकावाट माथि दिईएको सुविधा वाहेक देहाय अनुसार थप प्रोत्साहन यातायात रकम दिईनेछ ।

२. अतिरिक्त प्रोत्साहन/इनसेन्टिभः

अतिरिक्त कार्य गरेवापत काम गरेको प्रतिदिन यातायात खर्च रकम रु.४००/- का दरले ६ दिन अतिरिक्त कार्य गरे वापत मासिक रु.२४००/-(दुई हजार चार सय मात्र) र हेलो सिस्टरमा काम गरेवापत संचार खर्च मासिक रु.१००/-मात्र गरी मासिक कुल रकम रु.२५००/-(दुई हजार पाँच सय मात्र) दिईनेछ ।

तालिम तथा अन्य गतिबिधिमा सहभागि भए वापत थप प्रति दिन यातायात खर्च रु.४००/-

३. नेपाल सरकारवाट अनुदान रकम प्राप्त नहुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको हकमा नगरपालिकावाट उक्त सुविधा उपलव्ध गराउनु पर्नेछ ।

४. नगरपालिका अन्तर्गत सेवारत सम्पुर्ण महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको स्वास्थ्य बीमा वापत प्रति महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रु.१७५०/-प्रति वर्ष प्रदान गर्नु पर्नेछ

५. वस्तु–आधारित प्रोत्साहनः महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई देहायमा लेखिएका वस्तुमा आधारित प्रोत्साहन सुविधा कार्यक्रम वा निर्णयको आधामा प्रदान गर्न सकिनेछ ।

पोशाक, ब्याग, छाता, मास्क, डिजिटल सामग्री आदि

वार्षिक रूपमा "उत्कृष्ट स्वयंसेविका" सम्मान (प्रशंसापत्र + रु. ५,०००)

६.माथि लेखिएको वाहेक सेवा गरेकै आधामा कुनै किसिमको मासिक पारिश्रमिक तलब तथा अन्य सुविधा दाबि गर्न पाउने छैन ।

७.नगरसभाको निर्णय बमोजिम मासिक सम्मान तथा सुविधा वृद्धि गर्न सकिनेछ ।

८.सम्मानजनक बिदाईः उमेर पुगि (६०) वर्ष वा ५ वर्ष सेवा अवधि पुरा गरी स्वेच्छिक बिदाई हुँदा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई संघिय सरकारवाट प्राप्त सुविधा वाहेक नगरपालिकावाट रु.२५०००/-(पचिस हजार मात्र) एक मुष्ट प्रदान गरिनेछ ।

११. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

(१) अनुगमनः

क) वडा स्वास्थ्य संस्था प्रमुख तथा व्यवस्थापन समितिको अध्यक्षवाट मासिक अनुगमन हुनेछ ।

ख) नगर स्वास्थ्य शाखाद्वारा त्रैमासिक र वार्षिक अनुगमन गरिनेछ ।

(२)मूल्याङ्कनः

क) Key Performance Indicators (KPI) अनुसार – गर्भवती सेवा, खोप कभरेज, रिपोर्टिङ समय पालना, समुदाय सहभागिता आदिका आधारमा मूल्याङ्कन गरिनेछ ।

ख) उत्कृष्टता मूल्याङ्कन प्रत्येक वर्ष एक पटक छनौट गरी सम्मान गरिनेछ ।

(३) रिपोर्टिङः

क) मासिक फारामहरूमा रिपोर्ट तयार गरी स्वास्थ्य चौकीमा बुझाउनु पर्नेछ ।

ख) डिजिटल प्रणाली (यदि उपलब्ध छ भने) मा प्रविष्ट गर्नु पर्नेछ ।

ग) वार्षिक मूल्याङ्कन रिपोर्ट नगरसभा समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

१२. वित्तीय व्यवस्था

१ महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका शिर्षकमा बिनियोजन भएको वार्षिक बजेटबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

२ नगर लेखा परीक्षण प्रणाली अन्तर्गत पारदर्शी रूपमा खर्च विवरण व्यवस्थापन हुनेछ ।

१३. कार्यान्वयन र संशोधन

१२.१ कार्यान्वयनः यो कार्यविधि कञ्चनरुप नगर कार्यपालिकाबाट पारित भएको मिति सम्म भए गरेका काम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१२.२ संशोधनः स्वास्थ्य शाखाको सिफारिसमा कार्यपालिकाले आवश्यक परे संशोधन गर्न सक्नेछ।

१४.अन्य व्यवस्था

१ अन्यको हकमा राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनिती २०७६ बमोजिम हुनेछ ।

संलग्न परिशिष्टहरू

अनुसुची-१ स्वयंसेविका आवेदन फारम नमूना

अनुसुची-२ KPI मूल्याङ्कन फारम

अनुसुची-३ महिला सामादयीक स्वास्थ्य स्वयं सेविकाको आचारसंहिता ।

अनुसुचि-१

श्री स्वास्थ्य आमा समूह वार्ड नं.: ....

नगरपालिका : ....

जिल्लाः ....

विषयः महिला स्वास्थ्य स्वयंसेविका भई काम गर्न पाउँ ।

महोदय,

म महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गर्न ईच्छूक भएकोले यो निवेदन पेश गरेकी छु । म स्वास्थ्य आमा समूहको नियम मान्न मन्जूर रहेको ब्यहोरा पनि अनुरोध **गर्दछु** ।साथै यसै निवेदन मार्फत महिला स्वास्थ्य स्वयंसेविकाको आचार संहितालाई पूर्णतः पालना गर्ने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।

निवेदिका :
नाम थर :
ठेगानाः
दस्तखतः
नागरिकता प्रमाणपत्र नं.:
जन्म मितिः

अनुसुचि-२

FCHV KPI मूल्याङ्कन फाराम (FCHV Key Performance Indicator Evaluation Form)

क्र.सं.	मूल्याङ्कन सूचक (KPI Indicators)	पूर्णाङ्क (Marks)	प्राप्ताङ्क (Marks Obtained)	कैफियत / टिप्पणी
१	गर्भवती महिलाहरूको समयमै पहिचान (४ महिनाभित्र)	१०		
२	८ वटा ANC सेवा पूरा गराउन सहयोग	१०		
३	संस्थागत सुत्केरी गराउन सहयोग	१०		
४	नवजात शिशु सेवामा सक्रियता (जस्तैः PNC भ्रमण)	१०		
५	नियमित खोप कार्यक्रममा सहभागिता	१०		
६	कुपोषण पहिचान तथा सुपोषणका लागि सल्लाह/रिफर	१०		
७	मासिक बैठकमा सहभागिता	५		
८	मासिक रिपोर्ट समयमै बुझाएको	५		
९	घरदैलो स्वास्थ्य शिक्षा (१० घर वा बढी प्रति महिना)	१०		
१०	सरसफाइ, परिवार नियोजन वा अन्य समुदायस्तरका स्वास्थ्य अभियानमा सहभागिता	१०		
११	सहकर्मी, समुदाय र स्वास्थ्य संस्थासँग समन्वय	५		
१२	डिजिटल रिपोर्टिङ वा एप प्रयोगमा दक्षता (यदि लागू हुन्छ भने)	५		

||कुल प्राप्ताङ्क (Total Marks): |/१००|||

? मूल्याङ्कन श्रेणी (Evaluation Rating):

प्राप्ताङ्क दायरा	मूल्याङ्कन श्रेणी
८० – १००	उत्कृष्ट (Excellent)
६० – ७९	राम्रो (Good)
४० – ५९	सामान्य (Satisfactory)
० – ३९	सुधार आवश्यक (Needs Improvement)

? मूल्याङ्कन अधिकारी विवरण:

मूल्याङ्कनकर्ताः ....

पदः ....

मितिः ....

दस्तखतः ....

अनुसुची-३

महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाको आचारसंहिता राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनिति २०७६ अनुसार हुनेछ ।

प्रमाणिकरण मितिः२०८३।०३।२०

आज्ञाले,
तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत